नर्सरी,वन/फलफुलको विरुवा उत्पादन तथा जडिवुटी /जडिवुटी/ खेती विकास तथा विस्तार लागि व्यक्ति परामर्श सेवा प्राप्त गर्ने

# कार्यक्षेत्रगत शर्तहरु (ToR)

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं ३

महाशाखा प्रमुख

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि हाइटेक नर्सरी विकास र जडिवुटी विकास आयोजना तर्फ विरुवा उत्पादन जडिवुटी विकास प्रवर्द्धनको कार्य गर्ने गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतका डिभिजन वन कार्यालयहरुले वन, विरुवा उत्पादन, जडीवुटी खेति विकास विस्तार विकास संवन्धि कार्य संचालन गर्दै आएको छ । मन्त्रालयको महत्तपुर्ण योजना हाइटेक नर्सरी संचालन, जडीवुटी खेति विकास विस्तारका लागि विज्ञ तथा दक्षहरुको दरवन्दी नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (१) क अनुसार संवन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा त्यस्ता सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने कानुनी प्रावधान बमोजिम नर्सरी **वन/जडिवुटी/फलफुलको विरुवा उत्पादन तथा जडिवुटी खेती विकास तथा विस्तार लागि व्यक्ति परामर्श सेवा प्राप्त गर्ने सम्वन्धि कार्यविधि २०७६** अनुसार यो ToR तयार गरिएको छ ।

माग सेवा तथा संख्या

| सिनं | परामर्श सेवा | संख्या | आवश्यक न्युनतम | |
|---|---|---|---|---|
| | | | शैक्षिक योग्यता | अनुभव |
| १ | नर्सरी अधिकृत | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा वन विज्ञान विषयमा स्नातक पास | संवन्धित काममा कम्तीमा १ वर्षको प्रमाणित अनुभव भएको |
| २ | जडिवुटी खेति प्राविधिक | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा वन विज्ञान विषयमा स्नातक पास | संवन्धित काममा कम्तीमा २ वर्षको प्रमाणित अनुभव भएको |
| ३ | जडिवुटी खेति सहजकर्ता | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा वन विज्ञान विषयमा प्रमाणपत्र तह पास | - |
| ४ | नर्सरी नाईके/सहयोगी | २ | साधारण लेखपढ | १० वर्षको नर्सरीमा काम गरेको अनुभव |

**१.नर्सरी अधिकृतले सम्पादन गर्नुपर्ने कार्यहरु**

क) डि.ब.का प्रमुखको सामान्य निर्देशन, नियन्त्रणमा रही नर्सरी अधिकृतको (डि.ब.का.ले तोकेको स.ब.अ. प्रदेश सरकारको स्थायी अधिकृत) सुपरिवेक्षणमा रहि वृहत/हाईटेक नर्सरीमा वाह्रै महिना नर्सरी अधिकृतको रुपमा हाइटेक नर्सरीको विकास तथा विस्तारमा काम गर्ने ।

ख) कार्यक्रमबाट गराउने विस्तृत परियोजना प्रतिवेदन ,संभाव्यता अध्ययन प्रतिवेदन, गुरु योजनाहरु लगायत यस्तै प्रकृतिका दस्तावेज संवन्धि कार्यको कार्यक्षेत्रगत सर्त (Terms of Reference, TOR) तयार गर्ने

महाशाखा प्रमुख

ग) परामर्शदाताले पेश गरेका विस्तृत परियोजना प्रतिवेदन ,संभाव्यता अध्ययन प्रतिवेदन, गुरुयोजनाहरु लगायत यस्तै प्रकृतिका दस्तावेजहरुको मस्यौदाको पुनरावलोकन गरी आवश्यक सुधारको लागि पृष्ठपोषण दिने तथा सुधार भै आए पश्चात स्वीकृतिको लागि सिफारिस गर्ने ।

घ) ठेक्का संवन्धि कागजात (Bidding Documents) तयार गरी ठेक्का संवन्धि प्रकृयामा सहजिकरण गर्ने

ङ) कार्यान्वयन हुने कार्यको ले आउट दिने ,अनुगमन गर्ने ,भएको कामको नापजाँच गरी सोको मूल्याङ्कन समेत गरी कार्य संपन्न प्रतिवेदन तयार गरी भूक्तानी दिनु पर्ने रकम समेत एकिन गरी प्रतिवेदन पेश गर्ने

च) प्राविधिक सल्लाह तथा सुझाव दिई तोकिएको समयसीमा भित्र कामको गुणस्तर समेत कायम गरी कार्य संपन्न गर्ने गराउने

छ) परामर्शको नर्सरी अधिकृतले नर्सरी नाइके तथा कामदारको टिम लिडरको रुपमा काम गर्नेछ ।

ज) नर्सरीमा विरुवा उत्पादन, विउ संकलन, व्याड निर्माण, germination test लगायतका कामहरु गर्ने ।

झ) आफूले महिना भरी गरेका कार्यको मासिक प्रगति प्रतिवेदन डिभिजन वन कार्यालयले तोकेको नर्सरी अधिकृत समक्ष पेश गर्ने ।

ञ) डिभिजन वन कार्यालयले तोकेको नर्सरी अधिकृतले परामर्श सेवा अन्तर्गत करार सेवाको कुनै प्राविधिकले गर्ने भनी मौखिक तथा लिखित रुपमा तोकि दिएका विरुवा उत्पादन / हाइटेक नर्सरी पेशासंग संवन्धित अन्य कार्यहरु

ट) मन्त्रालय वा डिभिजन वन कार्यालयले तोकेका अन्य कामहरु ।

<u>२.नर्सरी नाईके/सहयोगीले सम्पादन गर्नुपर्ने कार्यहरु</u>

क) डि.ब.का प्रमुखको सामान्य निर्देशन, नियन्त्रणमा रही नर्सरी अधिकृतको (डि.ब.का.ले तोकेको स.ब.अ. प्रदेश सरकारको स्थायी अधिकृत) सुपरिवेक्षणमा रहि वृहत/हाईटेक नर्सरीमा बाहै महिना नर्सरी नाईके/सहयोगीको रुपमा काम गर्ने ।

ख) नर्सरीमा विरुवा उत्पादन, विउ संकलन, व्याड निर्माण,सरसफाई लगायतका कामहरु गर्ने ।

ग) नर्सरीको स्याहार,सम्भार,हेरचाह तथा सुरक्षाको कामहरु गर्ने ।

घ) आफूले महिना भरी गरेका कार्यको मासिक प्रगति प्रतिवेदन डिभिजन वन कार्यालयले तोकेको नर्सरी अधिकृत समक्ष पेश गर्ने ।

ङ) नर्सरी अधिकृतले तोकेका अन्य कामहरु ।

<u>३. नर्सरी अधिकृत तथा नाईके टोलीको संरचना</u>

<u>संरचना(मकवानपुर)</u>

| | |
|---|---|
| नर्सरी अधिकृत(स्थायी-डि.ब.का.ले तोक्ने) | १ जना डि.ब.का.ले तोकेने |
| नर्सरी अधिकृत(करार) | १ जना |
| नर्सरी नाइके | १ जना |

कामदार -- आवश्यकता अनुसार

संरचना(काठमाण्डौं)

नर्सरी अधिकृत(स्थायी-डि.ब.का.ले तोक्ने) १ जना डि.ब.का.ले तोकेने

नर्सरी अधिकृत(करार) १ जना

नर्सरी नाइके १ जना

कामदार – आवश्यकता अनुसार

४.नर्सरी अधिकृतको योग्यता

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा वन विज्ञान विषयमा स्नातक

(ख) संवन्धित काममा कम्तीमा १ वर्षको प्रमाणित अनुभव भएको

५. नर्सरी नाईके/सहयोगीको योग्यता

क) साधारण लेखपढ

(ख) १० वर्षको नर्सरीमा काम गरेको अनुभव

६. जडिवुटी खेति प्राविधिकले सम्पादन गर्नुपर्ने कार्यहरु

क)मन्त्रालयको महाशाखा प्रमुखको सामान्य निर्देशन, नियन्त्रणमा रही शाखाको वन हेर्ने अधिकृत सुपरिवेक्षणमा रहि जडिवुटी विकास कार्यक्रमको जिल्लाका कार्यक्रममा प्रस्ताव गरिएको जडिवुटी खेति विकास तथा विस्तारमा काम गर्ने ।

ख)कार्यक्रमबाट गराउने विस्तृत परियोजना प्रतिवेदन, संभाव्यता अध्ययन प्रतिवेदन, गुरु योजनाहरु लगायत यस्तै प्रकृतिका दस्तावेज संवन्धि कार्यको कार्यक्षेत्रगत सर्त (Terms of Reference, TOR) तयार गर्ने ।

ग)जडीवुटी खेतीको किसान छनौट, जग्गा छनौट सर्भे व्यावसायीक योजना तयार, विरुवा खरीद तथा वितरणमा सहयोग,

घ)परामर्शदाताले पेश गरेका विस्तृत परियोजना प्रतिवेदन, संभाव्यता अध्ययन प्रतिवेदन, गुरुयोजनाहरु लगायत यस्तै प्रकृतिका दस्तावेजहरुको मस्यौदाको पुनरावलोकन गरी आवश्यक सुधारको लागि पृष्ठपोषण दिने तथा सुधार भै आए पश्चात स्वीकृतिको लागि सिफारिस गर्ने ।

ङ)जडिवुटी खेती तथा विकास विस्तार कागजात(Bidding Documents) तयार गरी कार्यक्रम कार्यान्वयन प्रकृयामा सहजिकरण गर्ने ।

च)कार्यान्वयन हुने कार्यको लेआउट दिने ,अनुगमन गर्ने ,भएको कामको नापजाँच गरी सोको मूल्याङ्कन समेत गरी कार्य संपन्न प्रतिवेदन तयार गरी भूक्तानी दिनु पर्ने रकम समेत एकिन गरी प्रतिवेदन पेश गर्ने ।

छ) प्राविधिक सल्लाह तथा सुझाव दिई तोकिएको समयसीमा भित्र कामको गुणस्तर समेत कायम गरी कार्य संपन्न गर्ने गराउने



शाखा प्रमुख

ज) आफूले महिना भरी गरेका कार्यको मासिक प्रगति प्रतिवेदन डिभिजन वन कार्यालय अनुसार महाशाखा समक्ष पेश गर्ने ।

झ)मन्त्रालय महाशाखाले मौखिक तथा/लिखित रुपमा तोकि दिएका वन तथा जडिवुटी पेशासंग संवन्धित अन्य कार्यहरु

ञ)मन्त्रालय वा डिभिजन वन कार्यालयले तोकेका अन्य कामहरु

७. जडिवुटी खेति सहजकर्ताले ले सम्पादन गर्नुपर्ने कार्यहरु

क)जडिवुटी खेति प्राविधिकले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्नुको साथै जडिवुटी खेति प्राविधिकलाई आवश्यक सहयोग एवम् सहजिकरण गर्ने ।

८ . जडिवुटी परामर्श सेवा प्राविधिक टोलीको संरचना

क.संरचना(मन्त्रालय)

| | |
|---|---|
| जडीवुटी खेति विकास तथा विस्तारका लागि वन प्राविधिक | १ जना |
| जडीवुटी खेति विकास तथा विस्तारका लागि सहजकर्ता | १ जना |

९. जडीवुटी खेति विकास तथा विस्तारका लागि वन प्राविधिक को योग्यता

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा वन विज्ञान विषयमा स्नातक

(ख) संवन्धित काममा कम्तीमा २ वर्षको प्रमाणित अनुभव भएको

१०. जडीवुटी खेति विकास तथा विस्तारका लागि सहजकर्ता को योग्यताः यस कार्यविधि बमोजिम आवेदन गर्दा निम्न बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा वन विज्ञान विषयमा प्रमाणपत्र तह पास

११. छनौट समितिः

| | |
|---|---|
| महाशाखा प्रमुख, योजना महाशाखा: | संयोजक |
| लेखा अधिकृत: | सदस्य |
| मन्त्रालयले तोकेको अधिकृत: | सदस्य |
| सम्वन्धित शाखाको अधिकृत: | सदस्य |
| संयोजक खरिद इकाइ : | सदस्य सचिव |

महाशाखा प्रमुख

छनौट समितिले कर्मचारी छनौटको लागि आवश्यक पर्ने विभिन्न फारमहरु, मूल्याङ्कन गर्ने तरिका तथा छनौट संवन्धि अन्य कार्यविधि आफै निर्धारण गर्न सक्नेछ । छनौटमा महिला आदिवासी/जनजातीलाइ प्राथमिकता दिइनेछ । यो ToR कार्यान्वयनमा अस्पष्टता आएमा मन्त्रालयको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

अनुसूची १ निवेदनको ढाँचा

मिति

श्रीमान् सचिव ज्यू
उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालय
प्रदेश नं. ३ हेटौंडा

हालसालै खिचिएको
पासपोर्ट साइजको
फोटो

विषय :- करार सेवामा काम गर्ने अवसर पाउ भन्ने संवन्धमा ।

उपरोक्त संवन्धमा त्यस आयोजनाको मिति २०७६/०३/........ .............. दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म त्यस आयोजनामा करार सेवामा कामकाज गर्न इच्छुक भएकोले मेरो निम्न विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

१. कामकाज गर्न चाहेको पद
२. नाम थर
३. स्थायी ठेगाना
४. हाल वसोवास रहेको ठेगाना
५. शैक्षिक योग्यता
६. कार्य अनुभव
७. मासिक रुपमा लिन चाहेको पारिश्रमिक (अंक र अक्षर दुवैमा लेखि खामवन्दी गरी गोप्य रुपमा पेश गर्ने)
८. संपर्क नं.

निवेदक

संलग्न कागजातहरु
१. नेपाली नागरीकताको प्रमाणित फोटोकपी
२. हालसालै अद्यावधिक गरिएको सि.भि.
३. शैक्षिक योग्यता खुल्ने प्रमाणित फोटोकपी
४. कार्य अनुभव खुल्ने प्रमाणित कागजातहरु
५. मासिक रुपमा लिन चाहेको पारिश्रमिक अंक र अक्षर दुवैमा उल्लेख भएको वन्दी खाम

शाखा प्रमुख